# बौद्धिक सम्पत्तिको अधिकार पद्धतिमा कृषकको सहभागिता

wheat.org



दक्षिण एसिया विभिन्न विषयमा विविधता रहेको क्षेत्र मानिन्छ । त्यस्तो विविधता यहाँको कृषिबाली तथा तिनका जातहरूमा समेत पाइन्छ । कृषिबालीमा रहेको विविधताले यहाँका कृषकहरूमा कृषिसम्बन्धी परम्परागत ज्ञान र अभ्यासको विविधतालाई संरक्षण गर्न सघाएको छ र यहाँको ज्ञानको भण्डार तथा खेती प्रणालीमा समेत अहम् योगदान गर्दै आएको मानिन्छ । त्यस्ता कृषिसम्बन्धी ज्ञानका अथाह भण्डारलाई यहाँका कृषक समुदायले बौद्धिक सम्पत्ति नभएर बौद्धिक सम्पदाको रूपमा लिने गर्दछन् । तर पछिल्लो समयमा सार्वजनिक तथा निजी क्षेत्रका बीउ कम्पनीहरूको चासो यहाँको बीउविजन एवं तिनको उपयोगसम्बन्धी ज्ञानमा बढ्दै गएको तर्क गरिन्छ ।

## बौद्धिक सम्पत्तिको बाटो

विश्व व्यापार संगठनको बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता (ट्रिप्स)मार्फत् यो क्षेत्रमा बीउविजनमा बौद्धिक सम्पत्तिको अधिकारको अवधारणा भित्रिएको हो । यसलाई कतिपय विद्वानहरूले धनी देशका बीउ कम्पनीहरूको चाहनाअनुसार विस्तार गरिएको मान्दछन् । उनीहरूले दक्षिण एसियाली देशहरूमा बौद्धिक सम्पत्तिको संरक्षण सुनिश्चित गराउन विश्व व्यापार संगठनको बाटो समाएको भन्ने गर्दछन् ।

दक्षिण एसियाली मुलुकहरू कोही विश्व व्यपाार संगठनको सदस्य भइसकेका र कोही हुने क्रममा छन् । त्यसैले यहाँका सबै देशलाई बालीका जात संरक्षण गर्न एक प्रकारको दवाव सृजना भएको छ । उक्त संगठनको सदस्य भइसकेपछि ट्रिप्सको निर्देशबमोजिम बालीको जातको संरक्षण पेटेन्ट वा कुनै मौलिक पद्धतिबाट गर्नु अनिवार्य छ *(हेर्नुहोस् कोष्ठक १)* । बीउविजनमा पेटेन्ट अधिकार प्रदान गर्दा जीविकोपार्जनका लागि खेती गर्ने साना किसानहरू बीउ भण्डारण गर्ने, साटासाट गर्नेजस्ता परम्परागत अभ्यासबाट बञ्चित हुन पुग्छन् । हुनत ट्रिप्स सम्झौतामा पेटेन्ट दिन नचाहने राष्ट्रले कुनै अर्को मौलिक पद्धतिबाट बालीको जात संरक्षण गर्न सक्दछ भनिएको छ । तर विभिन्न वार्ताहरूमा विकसित मुलुकहरू पेटेन्टको विकल्पमा बालीका नयाँजातको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय संगठन (युपोभ)ले परिभाषित गरेको प्रजनकको अधिकार संरक्षण गर्न दवाव दिने गर्दछन् । युपोभ-१९९१ अनुरूपको प्रजनकको अधिकारले बीउ जोगाउने, भण्डारण गर्ने, एकअर्कामा साटासाट गर्नेजस्ता कृषकका परम्परागत अभ्यासलाई कुण्ठित गर्दछ *(हेर्नुहोस कोष्ठक २)* । तर बहुराष्ट्रिय बीउ कम्पनी र तिनीहरूसँग सम्बन्धित प्रजनकको व्यावसायिक सुरक्षाको चासोलाई भने सम्बोधन गर्ने देखिन्छ । त्यस्तो कानूनी व्यवस्था भएपछि अधिकार प्राप्त प्रजनकले आफ्नो नाममा संरक्षण भएको बालीको जातको व्यावसायिक उपयोगमा आफ्नो रोयल्टी दावी गर्ने अधिकार प्राप्त गर्दछ ।

### कोष्ठक-१ ट्रिप्स सम्झौताको धारा २७ को प्रबन्ध

१. सदस्य देशहरूले कुनैपनि प्रविधिको सबै क्षेत्रमा आविस्कार (वस्तु वा पद्दति) यदि त्यो नयाँ (new), कुनै आविस्कारजन्य कदम भएको (involve an inventive step) र औद्योगिक उपयोगिता भएको भए (capable of industrial application) त्यस्ता आविस्कारमा पेटेन्ट दिनुपर्ने छ । त्यस्तो पेटेन्ट प्रदान गर्दा र पेटेन्ट अधिकारको उपयोग गर्न दिंदा आविस्कार भएको ठाउँ, आविस्कार गरिएको प्रविधिको क्षेत्र (field of technology) अथवा वस्तु आयातित हो भन्ने आधारमा भेदभाव गर्न पाइने छैन ।

२. कुनै आविस्कारमा दिइएको पेटेन्टको व्यावसायिक उपयोग गर्दा खास सदस्य देशको भौगोलिक क्षेत्रभित्र मानव, पशु तथा वनस्पतिको जीवन, स्वास्थ्य एवं पर्यावरणलगायत सामाजिक कानून र नैतिकतामा गम्भीर असर पर्ने भएमा त्यस्तो आविस्कारमा उक्त देशले पेटेन्ट नदिन सक्छ । तर त्यसका लागि कानूनमा व्यवस्था भएकोले भनेर मात्र हुँदै - उल्लेखित परिस्थिति पुष्ठि गर्ने पर्याप्त आधार र कारण चाहिन्छ ।

३. सदस्य देशहरूले (क) मानव तथा पशुहरूको उपचारका लागि परीक्षण, थेरापीजन्य तथा शैल्य चिकित्साका विधिहरूमा (ख) सुक्ष्म जीवबाहेकका बनस्पति तथा जनावर; एवं गैर जैविक तथा सुक्ष्मजैविक बाहेकका बनस्पति तथा जीव उत्पादनका लागि चाहिने मूलतः जैविक पद्दतिमा पेटेन्ट नदिन सक्दछ । तर सदस्यहरूले बालीका जातहरूमा भने पेटेन्ट वा आफ्नै खालको प्रभावकारी मौलिक पद्दति वा दुवैको समिश्रण भएको विधिबाट संरक्षण प्रदान गर्ने छ । यो अनुच्छेदको पूनःमुल्यांकन विश्व व्यापार संगठन सम्झौताको मितिले ४ वर्षपछि गरिनेछ ।

प्रजनकको अधिकार संरक्षण भएका जातको उपयोग गर्न कृषक एवं सार्वजनिक क्षेत्रका वैज्ञानिक तथा अनुसन्धानकर्ताले समेत अनुमति लिनुपर्ने हुन्छ । हुनत भारतमा त्यस्तो कानूनले संरक्षित जातको बीउलाई समेत ब्राण्ड प्रयोग नगरी बिक्री-वितरण गर्न कृषकहरूलाई छुट दिएको छ । तर त्यस्ता ऐनको मूल ध्येय विश्व व्यापार संगठनको कार्यान्वयन गर्नु भएकोले कृषकका सरोकार सम्बोधन हुने सम्भावना थोरै हुन्छ । त्यसैले कृषक अधिकारका पक्षधरहरू उल्लेखित प्रबन्धलाई बहुराष्ट्रिय बीउ कम्पनीले ल्याएका अवधारणा मान्ने गर्दछन् ।

## क्षेत्रस्तरीय अवधारणा र भारतको अनुभव

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)स्तरमा सार्क कृषि केन्द्रले कृषि भिजन २०२० जारी गरेको छ । उक्त भिजनमा जैविक विविधताको संरक्षण, त्यस्ता विविधतालाई नास गराउनसक्ने कारकहरूको निवारण, स्रोतहरूको अभिलेखीकरण एवं स्रोत संरक्षण र सम्बर्द्धनका लागि लगानीको विषयलाई उठाइएको छ । तर उक्त भिजनको जोड बौद्धिक सम्पत्तिको संरक्षणमा देखिन्छ । प्रजनकको अधिकार संरक्षणको व्यवस्था गर्न भारतमा सन् २००१ मा बालीको जात संरक्षण तथा कृषक अधिकारसम्बन्धी ऐन र सन् २००३ मा नियमावली जारी भयो । सन् २००३ मा यही उद्देश्यले भुटानले जैविक विविधता ऐन जारी गरेको छ । भुटानको उल्लेखित ऐनमा प्रजनकको अधिकार संरक्षणसम्बन्धी व्यवस्थासमेत गरिएको छ । सन् २०१५ मा पाकिस्तानले पहिलेको बीउविजन ऐन १९७६ परिमार्जन गरी बालीको जात संरक्षणको विषयसमेत समावेश गरेको छ । पाकिस्तानमा प्रजनकको अधिकार संरक्षणका लागि छुट्टै ऐनसमेत तयार गरिएको छ । नेपालले भारतको ऐनका प्रावधानहरूलाई समेत मध्यनजर गरेर प्रजनकको अधिकार र कृषक अधिकारवीच सन्तुलन हुनेगरी ऐनको ड्राफ्ट तयार पारेको छ *(हेर्नुहोस तालिका)* ।

आनुवंशिक स्रोत संरक्षण, कृषक अधिकार, प्रजनकको अधिकारजस्ता विषयमा कानूनी व्यवस्था गर्ने कार्यमा भारतलाई अग्रणी मानिन्छ । भारतको बालीको जात संरक्षण तथा कृषक अधिकारसम्बन्धी ऐन २००१ ले प्रजनकले विकास गरेको बालीको जातमा सर्जकको अधिकार संरक्षण गरेको छ । साथै बालीका जात विकास गर्ने कृषक-प्रजनकलाई समेत उनीहरूको बौद्धिक सम्पत्तिको अधिकार प्राप्त हुने व्यवस्था गरेको छ[१]। तर त्यस्तो अधिकार प्राप्त गर्न कृषक-प्रजनकले तोकिएको जानकारी केन्द्रिय सरकारको औपचारिक

अभिलेख प्रणालीमा दाखिला गर्नु पर्दछ । साथै विकास गरिएको जातको नमूना राष्ट्रिय जीन बैंकलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । त्यस्तो कानूनी व्यवस्था भएपछि कृषकको बीउविजनसम्बन्धी ज्ञान अब औपचारिक रूपमा बजार प्रणालीमा जानेछ । सन् २००५ देखि दर्ता शुरू गरिएको बालीको जातको दर्तामध्ये हालसम्ममा करीब ६०० वटा कृषकका जात दर्ता भइसकेका छन् । यसलाई बीउविजनमा बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी अवधारणा कृषकतहसम्म पुर्याउन सरकारले गरेको मेहेनत र कटिबद्धताको रूपमा बुझ्ने गरिन्छ ।

सरकारले कृषकको जात दर्ताको विषयलाई उच्च प्राथमिकता दिएको देखिन्छ । त्यस्तो दर्तालाई सहयोग होस भनेर सहजकर्ताको कार्यलाई खुला गरिएको छ । व्यक्ति वा गैरसरकारी संस्थाका रूपमा त्यस्ता सहजकर्ताहरू अहिले भारतमा सक्रियरूपमा कार्य गरिरहेका छन् । उनीहरूले फारम भर्ने, कार्यालयसम्म पुर्याउने, आवश्यक कागजात मिलाइदिने आदि कार्य गर्दछन् । यसरी कृषकको जानकारीमा रहेका बीउविजनसम्बन्धी परम्परागत तथा अनौपचारिक खालका ज्ञान एवं अभ्यासलाई औपचारिक अभिलेख प्रणालीमा पुर्याउन उल्लेखित सहजकर्ताहरू उत्प्रेरकका रूपमा विकसित हुँदै गएका छन् । सरकारले ती सहजकर्ताहरूलाई प्रोत्साहनसमेत गर्न चाहेको देखिन्छ । उल्लेखित ऐन कार्यान्वयन गर्ने सरकारी निकाय (Plant Variety Protection and Farmers' Rights Authority) यसपछि "प्राधिकरण" भनिएको) को पछिल्लो बैठकले त्यस्ता सहजकर्तालाई भारतीय कृषि अनुसन्धान प्रणाली तथा सम्बन्धित गैरसरकरी संस्थाबाट सम्मानपत्र प्रदान गर्ने, उनीहरूको योगदानलाई उल्लेख गर्ने, १०० निवेदनको सहजीकरण गर्नेलाई रू १०००० पुरस्कारस्वरूप प्रदान गर्नेजस्ता निर्णयहरू गरेको छ । साथै सेवाकालभरिमा उच्च संख्यामा यस्तो सहजीकरण गरेका, जैविक विविधता मेलाको आयोजना तथा सामुदायिक बीउ बैंक प्रबर्द्धन गरेका अञ्चलस्तरीय निर्देशकहरूलाई समेत सम्मानित गर्ने भनेको छ ।

कृषकको जात दर्तालाई विस्तार गर्न भारतीय सरकारले अतिरिक्त पहल गरेको देखिन्छ । बीउविजन ऐन १९६६ अन्तरगत सूचित भएका जातलाई कृषकले विकास गरेका कृषकका जातको रूपमा दर्ता गराउन सूचित भएको मितिले तीन वर्षको अवधि तोकिएको थियो । अहिले यो व्यवस्था १० वर्षसम्म राखिएको छ । राज्यका विभिन्न निकायहरूले कृषक-प्रजनकलाई बौद्धिक सम्पत्ति संरक्षण

### कोष्ठक-२ युपोभद्वारा अघि सारिएको प्रजनकको अधिकार

सन् १९६१ मा स्थापना भएको युपोभले बालीका नयाँ जातमा प्रजनकको अधिकारमार्फत् बौद्धिक सम्पत्तिको अधिकार प्रदान गर्ने अवधारणा ल्याएको हो । उक्त संगठनअन्तरगत सन् १९६१ मा र त्यसपछि सन् १९७१ र १९९१ मा तीनवटा घोषणा जारी गरिएको छ । पहिलो र दोस्रो घोषणामा बालीका जातमा बौद्धिक सम्पत्तिको अधिकारलाई स्वीकार्न सक्ने भनेको छ भने तेस्रो घोषणा १९९१ ले चाहिँ आबद्ध राष्ट्रलाई बालीका नयाँजातमा प्रजनकको अधिकार संरक्षणका लागि अनिवार्य गरेको छ । युपोभ १९९१ले भनेको प्रजनकको अधिकार भनेको त्यस्तो अधिकार संरक्षित जातको उत्पादन, पुनरुत्पादन, बिक्री वितरण, आयात निर्यात, भण्डारणजस्ता कार्य गर्न अरूलाई निषेध गर्नसक्ने अधिकार हो ।

प्रणालीमा समावेश हुन विभिन्न विधिबाट उत्पेरणा दिइरहेका छन् । सार्वजनिक कृषि विश्वविद्यालयहरू, कृषि विज्ञान केन्द्र, भारतीय कृषि अनुसन्धान परिषदजस्ता निकायहरूलाई यो कार्यमा सरकारले उपयोग गरिरहेको छ । कृषकका जातहरूको दर्ताका लागि बीउविजनमा आवश्यक पर्ने गुण[२] परीक्षण गर्ने केन्द्रहरू दोब्बर बनाइएको छ । प्राधिकरणले कृषकको जात दर्तामा सहयोग पुगोस भनेर कृषकलाई नै केन्द्रित गरी तालिम कार्यक्रमसमेत संचालन गर्दै आएको छ । सन् २०१३/१४ मा मात्र देशका विभिन्न स्थानमा ५०० भन्दा बढी त्यस्ता तालिम आयोजना गरिएको देखिन्छ । सरकारले कृषकको जात दर्तालाई यसरी बढाउनुको कारण यहाँका कृषक समुदाय तथा सरकारी निकायले विकास गरेका जातमा विदेशी बीऊ कम्पनीले दावी गर्न नसकून भनेर हो भन्ने गरिएको छ ।

वास्तवमा सरकारले यो कार्यका लागि जुनखालको तदारूकता देखाएको छ; त्यहीअनुसारको स्वतस्फूर्त सक्रियता कृषकको स्तरमा देखिएको छैन । जात दर्तासम्बन्धी ऐन जारी भएको एक दशकभन्दा बढी भइसकेको छ; तर त्यस्ता जातको व्यावसायिक उपयोगबाट साना कृषक समूहले हालसम्म कुनै लाभ पाएका छैनन् । राज्यका निकायहरू भित्र वर्तमान व्यवस्थाको असर र प्रभावबारे बृहत् छलफल भएर सुधारात्मक कार्य अगाडि बढेको

### तालिका

| क्र. सं. | देश | विश्व व्यापार संगठनको सदस्यता | युपोभको सदस्यता | सम्बन्धित राष्ट्रिय कानून |
|---|---|---|---|---|
| १ | अफगानिस्तान | पर्यवेक्षक | नभएको | बीउविजन ऐन २००९ |
| २ | नेपाल | भइसकेको | नभएको | २००५ मा सम्बन्धित ऐनको मस्यौदा बनाइएको |
| ३ | पाकिस्तान | भइसकेको | नभएको | बीउविजन ऐन २०१५ |
| ४ | बंगलादेश | भइसकेको | नभएको | १९९८ मा सम्बन्धित ऐनको मस्यौदा बनाइएको |
| ५ | भारत | भइसकेको | नभएको | बालीको जात संरक्षण तथा कृषक अधिकारसम्बन्धी ऐन २००१ |
| ६ | भुटान | पर्यवेक्षक | नभएको | जैविक विविधता ऐन २००३ |
| ७ | माल्दिभ्स | भइसकेको | नभएको | नभएको |
| ८ | श्रीलंका | भइसकेको | नभएको | २०११ मा सम्बन्धित ऐनको मस्यौदा बनाइएको |

स्रोतः *"Selling IP to South Asia's Farmers" by Shalini Bhutani. Trade Insight Vol. 11, No. 3, 2015.*

देखिन्न । यसप्रकार साना कृषक समुदायले खास लाभ नपाउने तर जात दर्ता गर्न उत्प्रेरित गर्ने सहजकर्ताले चाहिँ केही पाउने व्यवस्था भएको परिवेशमा सरकारको उद्देश्य बीउविजनमा बौद्धिक सम्पत्तिको अधिकारलाई प्रबर्द्धन गर्नु रहेको प्रष्ट हुन्छ । यहीकारण बीउविजनको संरक्षण, विकास र समग्र प्रशासकीय कार्य प्रजनक/बीउ कम्पनी र कृषक समुदायबीच निष्पक्ष छैनन भन्ने गरिन्छ । त्यस्ता कार्यहरू प्रजनक अधिकारपक्षीय भएकोले सरकारी निकायबाट कृषक समुदायले बालीको जात संरक्षणका सन्दर्भमा उपयुक्त सल्लाह प्राप्त गर्ने कुरामा सन्देह गरिन्छ ।

## निष्कर्ष

दक्षिण एसियाका कृषक समुदायस्तरमा बीउविजनमा बौद्धिक सम्पत्तिको अधिकारको सन्दर्भलाई एक विवादास्पद विषय मानिन्छ । यसलाई यहाँको आवश्यकताले उब्जाएको स्वतस्फूर्त अवधारणा मानिदैँन । तर जुनरूपमा यहाँ बीउविजनमा बौद्धिक सम्पत्तिको विषय अगाडि बढेको छ; त्यसलाई विकसित राष्ट्रका बहुराष्ट्रिय कम्पनीको एजेण्डा मान्ने गरिन्छ । उल्लेखित प्रणालीमा प्रवेश गर्न अनिच्छुक कृषकहरूलाई विभिन्न तरिकाले उत्प्रेरित गरिनु त्यसैको एउटा उदाहरणको रूपमा लिन सकिन्छ ।

दक्षिण एसियाली राष्ट्रहरूले भारतको अभ्यास र अनुभवबाट धेरै शिक्षा लिन सक्दछन् । उदाहरणका लागि कृषक समुदायलाई सूसूचित र स्वतन्त्र निर्णय गर्नसक्ने बनाएर मात्र कृषकलाई उनीहरूको जात दर्ताको कार्यलाई सहजीकरण गर्नुपर्ने देखिन्छ । यदि त्यो अवस्थामासमेत कृषकले जात दर्ता प्रक्रियामा जान चाहेन भने पनि उनीहरूको बीउविजनको संरक्षण राज्यले गर्नु पर्दछ । कृषकले विकास गरेका जातहरू दर्ता प्रक्रिया परीक्षण (कुनै स्पष्ट गुणको विकास, एकरूपता, स्थिरता भएको)मा असफल भए पनि खेतमा राम्रो उब्जनी दिइरहेका हुनसक्छन्; त्यस्ता जातको संरक्षणका लागि राज्यले कार्य गर्नुपर्ने हुन्छ । अनिमात्र कृषक समुदायको बीउविजनसम्बन्धी परम्परागत संस्कृति जोगिनसक्ने वातावरण कायम हुन सक्दछ । साथै कृषक समुदायलाई लक्षित


www.adb.org

गरी बौद्धिक सम्पत्तिसम्बन्धी विषयमा क्षमता विकासका कार्यक्रममा लगानी अपरिहार्य नै छ । उदाहरणका लागि कृषक-प्रजनकको हक संरक्षण गरिने क्षेत्रहरूमा उनीहरूलाई कसरी व्यवसायिक रूपमा अगाडि बढाउने भनेर कार्यक्रम ल्याउन सकिन्छ । बजार प्रणालीको आपूर्ति पद्दतिमा त्यस्ता कृषक-प्रजनकलाई समावेश गराउन राज्यस्तरको सहयोग बढाउनु पर्दछ ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागी हुँदा ट्रिप्स सम्झौताका अपूर्ण विषयहरूमा क्षेत्रीयस्तरबाट सामूहिक पैरवी गर्न देखिन्छ । खासगरी यस्तो सहकार्यले बालीको जात संरक्षणका सम्बन्धमा बौद्धिक सम्पत्तिको अधिकाररहितका विकल्पहरूको खोजीलाई बल पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । ■

१ भारतको बालीको जात संरक्षण तथा कृषक अधिकारसम्बन्धी ऐनको भाग ३ अनुसार बालीको नयाँ जातको अतिरिक्त कृषकहरूले विकास गरेका जातलाई कृषकको जातको रूपमा दर्ता गर्न सकिने प्रबन्ध गरिएको छ । नयाँ जात दर्ता गर्न उक्त जातमा कुनै स्पष्ट गुणको विकास (Distinct), एकरूपता (Uniformity), स्थिरता (Stability) र नौलोपना (Novelty) भएको हुनुपर्दछ भनेको छ । तर बीउबिजनसम्बन्धी ऐन १९६६ अन्तरगत जानकारीमा आएका, सर्वसाधारणको ज्ञान र जानकारीमा रहेका तथा कृषकका जातहरूको दर्ताका लागि भने उक्त जातमा कुनै स्पष्ट गुणको विकास, एकरूपता, स्थिरता मात्र भए पुग्छ ।

२ कुनै स्पष्ट गुणको विकास, एकरूपता, स्थिरता ।

## थप जानकारी र प्रतिक्रियाका लागि

sawtee

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE), पो.ब.नं.: १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४४५७०, इमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एसियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एसियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

यो नीतिसार भारतीय अधिवक्ता शालिनी भुटानीद्वारा लिखित तथा सावतीको प्रकाशन Trade Insight को वर्ष ११ अंक ३ मा प्रकाशित लेख “Selling IP to South Asia’s Farmers” मा आधारित भएर सावतीका वरिष्ठ कार्यक्रम अधिकृत प्रकाश घिमिरेद्वारा तयार पारिएको हो । यो सावती र फ्रिदोफ नानसीन इन्स्टिच्युट (एफएनआई), लाइसाकर, नर्वेको कार्यक्रम International Objectives for Adaptation, Access and Benefit Sharing: Effects on the Management of Plant Genetic Resources in India and Nepal अन्तर्गत प्रकाशन गरिएको हो । यसमा प्रकाशित विचार तथा मान्यताहरू सावती र एफएनआईका नहुन पनि सक्छन् ।

कपिराइटः सावती, २०७३, सज्जाः विपेन्द्र घिमिरे, मुद्रकः ओरेन्ज प्रेस, ललितपुर ।